

# बजार अवलोकन ३१

## असार, २०६८†

निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि तथा सहकारी मन्त्रालय कृषि विभाग, कृषि व्यावसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र
उपभोक्ता हित संरक्षण मञ्च

WFP wfp.org FNCCI

## मुख्य बुँदाहरु

- *गत महिना अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको मूल्यमा न्यून रुपमा वृद्धि भएको पाइयो । मोटा चामल र गहुँको पिठोको औसत मूल्यमा क्रमशः १.० र ०.८ प्रतिशतका दरले वृद्धि भएको छ भने मास र मुसुरोको मूल्य गत एक महिनामा ०.५ प्रतिशत भन्दा कमका दरले वृद्धि भएको छ ।*
- *२०६७ असार २६ बाट ईन्धन (डिजल र मट्टितेल) को मूल्यमा रु. ५ प्रति लिटर का दरले वृद्धि भएको छ ।*
- *मनसुनी वर्षाका कारण आएको पहिरोले कर्णाली राजमार्गका केही भागहरु अवरुद्ध भएका हुँदा मध्य पश्चिमाञ्चलका पहाडी तथा हिमाली जिल्लाहरुका बजारहरुमा खाद्यान्न आपूर्तिमा असर परेको छ ।*

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि तथा सहकारी मन्त्रालय र विश्व खाद्य कार्यक्रम द्वारा नियमित रुपमा अनुगमन भईरहने बजारहरुमा गत एक महिनामा प्राय खाद्य बस्तुहरुको औसत मूल्यमा न्यूनतम् वृद्धि भएको छ । मोटा चामल र गहुँको पिठोको औसत मूल्य क्रमशः १.० % र ०.८ % का दरले वृद्धि भई रु. ३६.१ र रु. ३६.९ प्रति किलो भएको छ भने मुसुरो र मासको मूल्य क्रमशः ०.५ % र ०.२ % का दरले वृद्धि भई रु. ९६.८ र रु. १०९.८ प्रति किलो भएको छ । यद्यपि, रातो आलुको मूल्य भने ५.७ % का दरले वृद्धि भई रु. २३.५ प्रति किलो भएको छ। चैत्र २०६७ को तुलनामा मोटा चामलको औसत मूल्यमा ४.७ % ले वृद्धि भएको छ भने गहुँको पिठोको मूल्य २.९ % का दरले घटेको छ ।

क्षेत्रीय बजारहरुमा देखिएको मूल्य प्रवृतिले राष्ट्रिय औसत मूल्य प्रवृतिको तुलनामा एउटा वेग्लै अवस्था प्रतिबिम्बित गरेको छ। मुख्य उपभोक्ता बजार हरुमा मोटा चामलको औसत मूल्यमा २.६ % ले बृद्धि भएको छ भने गत एक महिना देखि गहुँको पिठोको मूल्य स्थिर रहेको छ। तराइका बजारहरुमा गहुँको पिठो र मोटा चामलको औसत मूल्यमा क्रमशः २.५ % र ०.६ % का दरले वृद्धि भयो । यद्यपि, सडक पहुँच भएका र नभएका दुवै खालका हिमाली तथा पहाडी बजारहरुमा मोटा चामल र गहुँको पिठोको औसत मूल्य स्थिर रहयो। उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका पाँच ठूला थोक बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धादिङ) मा प्राय खाद्य बस्तुहरुको थोक मूल्यको प्रवृति खुद्रा बजारको मूल्य प्रवृति संग मिल्दोजुल्दो देखिएको छ ।

२०६८ असारमा तरकारी आपूर्तिमा अकस्मात् सुधार आउनाले काठमाडौं उपत्यकामा तरकारीको मूल्य न्यून रुपमा घटेको छ । तर गत महिना (जेठ) मा भने तरकारीको मूल्य १५-२०% का दरले बढेको थियो ।

डिजेल र मट्टितेलको मूल्य रु. ६८.५ (मंसिर ६, २०६७ यताको मूल्य) बाट बढेर रु. ७३.५ (असार २६, २०६८ बाट जारी) प्रति लिटर भएको छ । ईन्धनको मूल्यमा भएको यस्तो वृद्धिले यातायात खर्चमा वृद्धि गरी खाद्यान्न मूल्यमा समेत वृद्धि गराउने सम्भावना छ ।

### आपूर्ति

हिउँदे बालीको राम्रो उत्पादनका कारण देश भर हाल सम्मको आपूर्ति अवस्था राम्रो छ । यद्यपि, हिउँदे सडकको मात्र पहुँच भएका पहाडी तथा हिमाली जिल्लाहरु भने मनसुनी वर्षाबाट प्रभावित हुने सम्भावना छ । विश्व खाद्य कार्यक्रमका फिल्ड मनिटरहरुको हालैको रिपोर्टका अनुसार पहिरो का कारण कर्णाली राजमार्ग ठाउँ ठाउँमा अवरुद्ध भएको छ । यस्तो व्यवधानले सो क्षेत्रको आपूर्ति अवस्थामा असर पुऱ्याउने सम्भावना छ । कर्णाली राजमार्ग अवरुद्ध हुनाले सो क्षेत्रको खाद्यान्न आपूर्ति र मूल्यको अवस्थामा पर्न सक्ने प्रभाव निकटबाट अनुगमन गर्न आवश्यक छ ।

### पूर्वानुमान


सामान्यतया कात्तिक महिनामा भित्र्याइने आउँदो बाली नआएसम्म खाद्यान्नको उच्च मूल्य कायमै रहने अनुमान छ । यसका साथै, नेपालमा हालै भएको ईन्धनको मूल्य वृद्धिले खाद्यान्न मूल्यलाई अझ प्रभाव पार्ने सम्भावना छ ।

समयमा नै परेको पर्याप्त वर्षाको फलस्वरुप हाल सम्म धान रोपाईको प्रगति राम्रो भएको रिपोर्ट छ । अतः यसले यस वर्ष धान उत्पादनको पूर्वानुमान सकारात्मक भएको संकेत गरेको छ ।


**मूख्य खाद्यवस्तुहरुको मूल्यमा भएको अत्यधिक वृद्धि**

| खाद्यवस्तु | मूल्य ने रु/केजि, लि | % परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| आलु | २३.५ | ५.७ % | बेमौसमका कारण आपूर्तिमा कमी |
| डिजल र मट्टितेल | ७३.५ | ७.३ % | विश्वव्यापी रुपमा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (३ महिना र वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

† मूल्यहरु असार महिनाको मूल्य संग सम्बन्धित छ ।
* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो ।
तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।
** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- असार, २०६८

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मुख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३५.० | ०.० | २.९ | ०.० | ► | ► | ► |
| | गहुँको पिठो | ३६.० | ०.० | ०.० | ५.९ | ► | ► | ► |
| | भटमासको तेल | १२३.० | २६.८ | ६.० | २९.५ | ▲ | ► | ▲ |
| | कुखुराको मासु | २१५.० | ३.९ | -१२.२ | २२.९ | ► | ▼ | ▲ |
| | तोरीको तेल | १३०.० | २१.५ | ८.३ | ८.३ | ▲ | ► | ► |
| | मास | १०५.० | -७.१ | -८.७ | -८.७ | ▼ | ► | ► |
| | मुसुरो | १०५.० | ५.० | १०.५ | २.९ | ► | ▲ | ► |
| | आलु | २०.० | ५.३ | -१३.० | -३३.३ | ▲ | ▼ | ▼ |
| पोखरा | मोटा चामल | ४४.० | ४.८ | ४.८ | १०.० | ► | ► | ► |
| | गहुँको पिठो | ३८.० | ०.० | -५.० | ११.८ | ► | ► | ► |
| | भटमासको तेल | १२०.० | ०.० | ०.० | १४.३ | ► | ► | ► |
| | कुखुराको मासु | २६०.० | ०.० | -१०.३ | -१८.८ | ► | ▼ | ▼ |
| | तोरीको तेल | १४०.० | ०.० | ३.७ | ३.७ | ► | ► | ► |
| | मास | ११५.० | ०.० | ४.५ | -११.५ | ► | ► | ► |
| | मुसुरो | ९५.० | ०.० | ०.० | -९.५ | ► | ► | ► |
| | आलु | २५.० | १९.० | २५.० | ०.० | ▲ | ▲ | ► |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| विराटनगर | मोटा चामल | २८.० | -९.७ | -९.७ | -१२.५ | ▼ | ► | ► |
| | गहुँको पिठो | ३०.० | ०.० | ७.१ | ३.४ | ► | ► | ► |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | २२०.० | -१७.० | -१७.० | -११.३ | ▼ | ▼ | ► |
| | तोरीको तेल | १३०.० | ०.० | ३.२ | १३.० | ► | ► | ► |
| | मास | ९६.० | ६.७ | -४.० | -२.० | ▲ | ► | ► |
| | मुसुरो | ७५.० | ०.० | ०.० | -१४.८ | ► | ► | ► |
| | आलु | १६.० | ०.० | १७.६ | -३६.० | ► | ▲ | ▼ |
| विरगंज | मोटा चामल | ३६.० | २.९ | ९.१ | ५.९ | ► | ► | ► |
| | गहुँको पिठो | २७.० | ३.८ | -२५.० | -२६.२ | ► | ▼ | ▼ |
| | भटमासको तेल | ११७.० | -०.८ | १.७ | -३२.८ | ► | ► | ▼ |
| | कुखुराको मासु | २४०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | तोरीको तेल | १३०.० | ०.० | ०.० | ८.३ | ► | ► | ► |
| | मास | ९४.० | ४.४ | -१.१ | -६.० | ► | ► | ► |
| | मुसुरो | ७८.० | -२.५ | -७.१ | -२५.७ | ► | ► | ▼ |
| | आलु | २०.० | ११.१ | ४२.९ | ०.० | ▲ | ▲ | ► |
| नेपालगंज | मोटा चामल | ३०.० | ३.४ | ५.९ | ५.३ | ► | ► | ► |
| | गहुँको पिठो | २४.० | -२.७ | -२५.८ | -१५.० | ► | ▼ | ▼ |
| | भटमासको तेल | ११५.० | ०.० | २५.४ | २७.८ | ► | ▲ | ▲ |
| | कुखुराको मासु | २५०.० | ०.० | ७.१ | १३.६ | ► | ► | ► |
| | तोरीको तेल | १३५.० | ०.० | १४.१ | १७.४ | ► | ▲ | ▲ |
| | मास | ८७.० | २.४ | ०.४ | ०.० | ► | ► | ► |
| | मुसुरो | ७०.० | -६.७ | -२२.२ | -१७.६ | ▼ | ▼ | ▼ |
| | आलु | २०.० | ०.० | १५.४ | ५३.८ | ► | ▲ | ▲ |
| धनगढी | मोटा चामल | ३८.० | ०.० | ७.३ | २६.७ | ► | ► | ▲ |
| | गहुँको पिठो | ३१.० | ३.३ | ०.० | १९.२ | ► | ► | ▲ |
| | भटमासको तेल | १००.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | कुखुराको मासु | २४०.० | २०.० | -४.० | -४.० | ▲ | ► | ► |
| | तोरीको तेल | १२७.० | -५.२ | -५.२ | ५.८ | ▼ | ► | ► |
| | मास | १४०.० | ४.५ | ०.० | -३.४ | ► | ► | ► |
| | मुसुरो | १००.० | ०.० | -९.१ | -२३.१ | ► | ► | ▼ |
| | आलु | ३०.० | ६६.७ | १३०.८ | ८७.५ | ▲ | ▲ | ▲ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

► सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएका त्यसलाई सामान्य मानिन्छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती यपलब्ध छैन ।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ३०.० | ७.१ | २०.० | ७.१ | ▲ | ▲ | ► |
| | गहुँको पिठो | २७.० | ८.० | २२.७ | ८.० | ▲ | ▲ | ► |
| | भटमासको तेल | ९०.० | -१८.२ | -५.३ | -५.३ | ▼ | ► | ► |
| | कुखुराको मासु | २६०.० | ८.३ | ८.३ | ३०.० | ▲ | ► | ▲ |
| | तोरीको तेल | १५०.० | ०.० | २०.० | ०.० | ► | ▲ | ► |
| | मास | १२२.० | -६.२ | -६.२ | १०.९ | ▼ | ► | ► |
| | मुसुरो | ११८.० | -१.७ | -१.७ | २.६ | ► | ► | ► |
| | आलु | १५.० | -६.३ | ०.० | ०.० | ▼ | ► | ► |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३५.० | ०.० | ६.१ | ६.१ | ► | ► | ► |
| | गहुँको पिठो | ३२.० | ०.० | -११.१ | -३.० | ► | ▼ | ► |
| | भटमासको तेल | १२०.० | ०.० | ०.० | २०.० | ► | ► | ▲ |
| | कुखुराको मासु | २३०.० | ०.० | -४.२ | -३०.० | ► | ► | ▼ |
| | मास | १२४.० | ०.० | २.५ | १८.१ | ► | ► | ▲ |
| | मुसुरो | ७९.० | ०.० | -४.८ | -२१.६ | ► | ► | ▼ |
| | आलु | २२.० | ०.० | -४.३ | -१८.५ | ► | ► | ▼ |
| रोल्पा | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| सांखुवासभा | मोटा चामल | - | - | - | - | - | - | - |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | - | - | - | - | - | - | - |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | - | - | - | - | - | - | - |
| जुम्ला | मोटा चामल | ४५.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | गहुँको पिठो | ६०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | भटमासको तेल | १४०.० | ०.० | -१२.५ | ०.० | ► | ▼ | ► |
| | कुखुराको मासु | ३२०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | मास | १००.० | ०.० | ०.० | -९.१ | ► | ► | ► |
| | मुसुरो | १००.० | ०.० | ०.० | -२३.१ | ► | ► | ▼ |
| | आलु | ४०.० | ३३.३ | १६६.७ | २३३.३ | ▲ | ▲ | ▲ |
| बाजुरा | मोटा चामल | ३८.० | २.७ | ११.८ | -२४.० | ► | ▲ | ▼ |
| | गहुँको पिठो | ३६.० | ०.० | ०.० | -२०.० | ► | ► | ▼ |
| | सीमी | १२०.० | ९.१ | २०.० | - | ▲ | ▲ | - |
| | मास | ११५.० | ९.५ | ९.५ | -१७.९ | ▲ | ► | ▼ |
| | मुसुरो | ११५.० | ९.५ | ९.५ | -१७.९ | ▲ | ► | ▼ |
| | आलु | २५.० | ०.० | -१६.७ | २५.० | ► | ▼ | ▲ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | २.६ | ► | ► | ► |
| | गहुँको पिठो | - | - | - | - | - | - | - |
| | भटमासको तेल | २८०.० | ०.० | ०.० | -६.७ | ► | ► | ► |
| | सीमी | ११०.० | १०.० | १०.० | १०.० | ▲ | ► | ► |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ४०.० | ३३.३ | ३३.३ | १४.३ | ▲ | ▲ | ► |
| डोल्पा | मोटा चामल | ९५.० | ०.० | ०.० | ५.६ | ► | ► | ► |
| | गहुँको पिठो | ११०.० | ०.० | - | ०.० | ► | - | ► |
| | भटमासको तेल | २००.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | सीमी | १५०.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | मास | १७०.० | ०.० | ०.० | ३०.८ | ► | ► | ▲ |
| | मुसुरो | २००.० | ०.० | ०.० | ०.० | ► | ► | ► |
| | आलु | ४०.० | ०.० | १४.३ | -२०.० | ► | ▲ | ▼ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रबर्धन तथा बजार बिकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्धारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ । थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ । यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।